मनराशिसवा नगरपालिका
Manarashiswa Municipality
नगर कार्यपालिकाको कार्यालय
# Office Of The Municipal Executive
मनरा/Manara ,महोत्तरी /Mahottari
मधेश प्रदेश, नेपाल/ madhesh Province, Nepal

प.स.:-२०८०/८१
च.नं./Reference No:- ४०३

मिति :- २०८०/०८/०८

श्री वडा कार्यालय सबै ( वडा १ देखि १० सम्म ) ,
मनरा शिसवा नगरपालिका ,मनरा ,महोत्तरी ।
श्री सम्बन्धित सरोकार वाला सबै ,
मनरा शिसवा नगरपालिका ,मनरा ,महोत्तरी ।

## बिषय :- सामुहिक विवाह कार्यक्रम सम्बन्धि सार्वजनिक सूचना ।

प्रस्तुत विषयमा यस मनरा शिसवा नगरपालिकाको ११ (एघारौ ) नगरसभाबाट स्वीकृत कार्यक्रम अनुसार २०८० पुष १ गते हुने विवाह पञ्चमी पर्वको अवसरमा यस नगरपालिकाद्वारा विपन्न परिवारको लागि तपसिल बमोजिम व्यवस्थापन हुने गरी सामुहिक विवाह कार्यक्रम आयोजना गरिने भएको हुँदा इच्छुक व्यक्ति/अभिभावकले मिति २०८०/०८/२५ गते भित्र नजिकको वडा कार्यालय वा नगरपालिकाको सामाजिक विकास शाखामा नाम दर्ता गराउनुहुन आदेशानुसार अनुरोध छ।

तपसिल :

१. हरेक बिबाह गर्ने जोडीलाई बैदिक परम्पराको विधिविधान अनुसार विवाह सम्पन्न गरिनेछ ।
२. बेहुला बेहुलीको लत्ता कपडाको व्यवस्था नगरपालिकाको तर्फबाट हुनेछ ।
३. विवाह कार्यक्रमका क्रममा सम्पूर्ण व्यवस्थापन नगरपालिकाले गर्नेछ ।
४. विवाह कार्यक्रममा बेहुला /बेहुलीको तर्फबाट बढीमा १५-१५ जनामात्र सहभागी हुनु पर्नेछ ।
५. विवाह हुने बेहुला /बेहुली मध्ये बेहुली अनिवार्य रुपमा यस पालिकाको हुनु पर्नेछ ।
६. विवाह हुने बेहुला /बेहुलीको उमेर हद प्रचलित कानुन अनुसार पुगेको हुनु पर्नेछ ।
७. बिबाह हुने बेहुला /बेहुलीको नागरिकता सहित माथि उल्लेख भएको स्थानमा निबेदन अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

माधवेन्द्र चौधरी
प्रमुख प्रशासकिय अधिकृत